गैर आवासीय नेपाली संघ उच्चस्तरीय समितिका अध्यक्षको प्रतिवेदन

२७ जनवरी २०२५

गैर आवासीय नेपाली संघ उच्चस्तरीय समितिको इतिहास तथा प्रगति

आदरणीय सदस्यहरु, आमन्त्रित पाहुना तथा सहकर्मी मित्रहरु,

नमस्कार !

परिचय

गैर आवासीय नेपाली संघ उच्चस्तरीय समिति (NRNA HLC) को प्रगति तपाईंहरु समक्ष प्रस्तुत गर्न पाउनु मेरो लागि एउटा जिम्मेवारी र गौरवको कुरा पनि हो। आउँदो कैयौं पुस्ताको सेवा गर्न सक्ने एक सुदृढ, पारदर्शी तथा प्रजान्त्रिक ढंगले संचालित गैर आवासीय नेपाली संघ निर्माण गर्न हामीहरुले काम गरिरहंदा यो यात्रा चुनौतीपूर्ण तर निकै अर्थपूर्ण रहेको छ।

**१. सन् २०२४ मा सर्वोच्च अदालतबाट गरिएका फैसलाहरु :**

गत अप्रिल २०२४ मा सर्वोच्च अदालतले संक्षिप्त फैसला दियो र पछि पूर्ण पाठ पनि प्राप्त भयो। ती फैसला स्पष्ट र निर्देशनात्मक थिए र त्यसमा कुनै पनि अस्पष्टता थिएन। फैसलाको म्यान्डेट साधारण तर महत्वपूर्ण थियो - गैर आवासीय नेपाली संघ भित्र रहेका पद्धतिगत मुद्दाहरुलाई सम्बोधन गर्ने तथा ६ महिना भित्र अन्तरराष्ट्रिय साधारण सभा (आइजीए) आयोजना गर्ने। यसले निस्पक्षता, पारदर्शिता तथा प्रजातान्त्रिक सुशासनको सुनिस्चितता गर्नेछ।

**२. ढिलाई तथा निर्णयहरु**

यद्यपि यो यात्रामा विभिन्न अवरोधहरु पनि आए। सर्वोच्च अदालतको निर्देशन पछि उच्चस्तरीय समितिले परराष्ट्र मन्त्रालयबाट औपचारिक निर्देशनको प्रतीक्षा ग-यो। अदालतको फैसलाको ६ महिना पछि २३ अक्टोबर २०२४ मा उच्चस्तरीय समितिलाई परराष्ट्र मन्त्रालयबाट निर्देशन प्राप्त भयो। सामूहिक जिम्मेवारी र स्पष्टता सुनिस्चित गर्न उक्त निर्देशन उच्चस्तरीय समितिका सबै सदस्यहरुलाई पठाइएको थियो। ती निर्देशन प्राप्त भएको ३० दिन भित्र १९ नोभेम्वर २०२४ मा उच्चस्तरीय समितिको

पहिलो बैठक बस्यो।  त्यस संगसंगै ६ महिना भित्र अन्तरराष्ट्रिय साधारण सभा आयोजना गर्नु पर्ने समयावधि पनि शुरु भयो।

### ३. प्रगति तथा मुख्य उपलब्धिहरु

नोभेम्वर २०२४ यता उच्चस्तरीय समितिले निम्न अनुसार महत्वपूर्ण प्रगति हासिल गरेको छ :

- ६ ओटा औपचारिक बैठकहरु बसेका छन्।
- साप्ताहिक बैठकहरु निर्धारित गरिएका छन् र आउँदो २७ अप्रिल २०२५ सम्म साप्ताहिक बैठक निरन्तर बस्नेछन्।

हाम्रो जिम्मेवारी सर्वोच्च अदालतले दिएको म्यान्डेट भन्दा पनि बढी छ।  उच्चस्तरीय समितिले यसलाई एनआरएनएका आधारभूत मुद्दाहरुलाई पनि सम्बोधन गर्ने अवसरको रुपमा लिएको छ। यो कानूनी निर्देशन पुरा गर्ने विषय मात्रै नभएर एउटा दीगो तथा प्रजातान्त्रिक संस्था निर्माण  गर्नका लागि  दरिलो ढांचा निर्माण गर्ने अवसर पनि हो।

### ४. चुनौतीहरु तथा प्रतिबद्धता

थुप्रै अवरोध र प्रतिरोधका कारण  गएका तीन महिना निकै चुनौतीपूर्ण रहे।  तिनका बावजुद उच्चस्तरीय समिति आफ्नो जिम्मेवारी पुरा गर्न लागी नै रहेको छ। मेरो लागि यो भूमिका एउटा पूर्णकालिक जिम्मेवारी बनेको छ।  यद्यपि हाम्रो योगदानले एउटा दीर्घकालिन भिन्नता ल्याउन सक्नेछ भन्ने बुझाइका कारण मैले अत्यन्तै सन्तोष लिएको छु।

हामीले हाम्रो काम परराष्ट्र मन्त्रालयको तर्फबाट गरिरहेका छौं भन्ने कुरा महत्व पूर्ण छ।  सर्वोच्च अदालतको आदेश पालना गर्दै  हामीले कानूनको शासन तथा सुशासन पालना गर्न नेपाल सरकारलाई पनि सघाई रहेका छौं।

### ५. एउटा ऐतिहासिक अवसर

अहिलेको समय  गैर आवासीय नेपाली संघका लागि एउटा ऐतिहासिक अवसर हो।  लामो समय देखि गैर आवासीय नेपाली संघ उपरी संरचनाहरु माथि मात्रै भर पर्दै एउटा बलियो आधार विना नै काम गर्दै आइ रहेको छ।  हाम्रो ध्येय  भनेको गैर आवासीय नेपाली संघलाई

- कानूनको शासन
- निस्पक्षता
- पारदर्शिता
- लोकतन्त्र

का सिद्धान्तहरुमा उभिएको सदस्यतामा आधारित संस्थामा रुपान्तरण गर्नु हो।

यो प्रक्रिया एउटा लोकतान्त्रिकरणको प्रयास पनि हो, जसले संस्थाको भविष्य निर्धारित गर्न हरेक सदस्यलाई एउटा आवाज दिनेछ। यी रुपान्तरणलाई मूर्त स्वरुप दिन एउटा नयाँ विधान मस्यौदा गरिने छ। यो विधानले एउटा उत्थानशील तथा सुदृढ गैर आवासीय नेपाली संघ निर्माण गर्न जगको काम गर्ने छ।

**६. यात्रा र समय तालिका**

हाम्रो यात्रा अप्रिल २०२४ मा शुरु भयो र अहिले १० महिना पुरा भै सकेको छ। अब तीन महिना मात्रै बाँकी रहंदा हामीहरु

- अन्तरराष्ट्रिय साधारण सभा आयोजना गर्न तथा
- एउटा नयाँ कार्यसमितिको निर्वाचन गर्न

अगाडी बढी रहेका छौं।

१३ महिनाको यो अवधिमा यी सबै काम गरि सक्न निस्चय नै जटिल थियो। यो समयावधि भित्रै हामी अन्तरराष्ट्रिय साधारण सभा आयोजना लगायत सर्वोच्च अदालतले दिएका सबै निर्देशनहरु पुरा गर्न प्रतिबद्ध छौं।

**७. आगामी कदमहरु**

अन्त्यमा , म हामीले तत्काल चल्नु पर्ने आगामी कदमहरुबारे जान कारी गराउन चाहन्छु । ती हुन् :

- हरेक मुलुकमा विद्यमान सदस्यता नवीकरणका साथै नयाँ सदस्यता खोल्ने
- अन्तरराष्ट्रिय सम्मेलनमा भाग लिन चाहने सदस्यहरुले आफ्नो इच्छा व्यक्त गर्नका लागि सहजीकरण गर्ने

उच्चस्तरीय समिति संघका  सबै वरिष्ठ नेतृत्व तथा एनसीसीहरुलाई आगामी महाधिवेशनलाई सफल बनाउन सामूहिक रुपले मदत गर्न आग्रह र अनुरोध गर्दछ।  यसरी अगाडी बढ्दा  झन्डै ४,००० प्रतिनिधिहरु अधिवेशनमा सहभागी बन्ने हामीले अपेक्षा राखेका  छौं जसको नेपालको पर्यटन उद्योग मा रु ५० करोड बराबरको सामूहिक योगदान हुने छ।

निष्कर्ष

उच्चस्तरीय समितिको काम कानूनी आवश्यकताहरु पूरा गर्नु मात्रै हैन,  आउँदो कैयौं दशकहरु सम्म क्रियाशील रहन सक्ने गैर आवासीय नेपाली संघ निर्माण गर्नको लागि आधारभूमि तयार गर्ने  पनि हो। हामी संस्थाको   एउटा नयाँ अध्याय शुरु हुने गरी  संस्थालाई थप उचाइमा पुराउन  एउटा ऐतिहासिक अधिवेशन आयोजना गर्न प्रतिबद्ध छौं।

यो यात्रामा योगदान गर्नु हुने सबै सदस्य, साझेदार तथा सहयोगीहरुलाई हार्दिक धन्यवाद।  हामीहरुले संगसंगै एउटा संस्था मात्रै हैन ग्लोबल नेपाली डायसपोराका लागि एउटा विरासत  पनि निर्माण गर्न गइरहेका छौं।

धन्यवाद।

डा शेष घले

अध्यक्ष

उच्चस्तरीय समिति